# मिति २०७८ साल श्रावण २६ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णय

**प्रस्तावित विषयहरुः-**

१. समीक्षा तथा प्रतिवेदन सम्बन्धमा ।
२. नेपाल पर्यटन बोर्डमा पर्यटन पूर्वाधार योजना प्रस्ताव सम्बन्धमा ।
३. सडक बोर्डमा आयोजना प्रस्ताव सम्बन्धमा ।
४. स्थानीय दर रेट सम्बन्धमा ।
५. विविध सम्बन्धमा ।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भएको अवस्थामा अझ यसलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी अगाडि बढ्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा पोकली झरना पर्यटन पूर्वाधार विकासको सन्दर्भमा यस गाउँपालिकाद्वारा निर्माण गरिएको विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयनका लागि रु. १० लाख लागत साझेदारी सहित नेपाल पर्यटन बोर्डमा प्रस्ताव गर्ने सर्वसम्मत निर्णय गरियो ।

**३. निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा यस गाउँपालिका क्षेत्र अन्तर्गत देहाय बमोजिमका सडक खण्डको मर्मतका लागि प्रचलित कानून बमोजिम लागत साझेदारी गर्ने गरि सडक बोर्ड, नेपालमा प्रस्ताव गर्ने सर्वसम्मत निर्णय गरियो ।

| सि.नं. | सडक खण्डको नाम | स्थान | सडकको लम्बाई | अनुमानित लागत | गाउँपालिकाको साझेदारी |
|---|---|---|---|---|---|
| १. | कुटिडाँडा मूलपँधेरा सडक | लिखु ४, ५, ६ | ४ कि.मी. | १ करोड | २० लाख |

**४. निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा मिति २०७८।०४।२५ गतेको स्थानीय दर रेट समितिको निर्णय अनुसार तर्जुमा गरिएको स्थानीय दर रेट संशोधन सहित अनुमोदन गर्ने र सो दर रेट सम्बन्धित सबैको जानकारीका लागि गाउँपालिकाको वेभसाईटमा प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**५. निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा आवश्यकता अनुसार कार्यपालिकाको बैठक बस्ने सर्वसम्मतबाट निर्णय गरियो ।